# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, कात्तिक २० गते २०५८ साल (संख्या २८

## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

**शाही सैनिक नयाँ भर्ना (दोस्रो संशोधन) नियमहरू, २०५८**

शाही सैनिक नयाँ भर्ना नियमहरू, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही सैनिक नयाँ भर्ना (दोस्रो संशोधन) नियमहरू, २०५८" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. शाही सैनिक नयाँ भर्ना नियमहरू, २०१९ को नियम ४ मा संशोधनः शाही सैनिक नयाँ भर्ना नियमहरू, २०१९ (यसपछि "मूल नियम" भनिएको) को नियम ४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) दरखास्त दिने मितिको अन्तिम दिनमा १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर विदेशी सेनामा नोकरी गरी बात कसूर नलागी छाडी आएका भए सक्कल प्रमाणपत्रको आधारमा ३५ वर्ष ननाघेको नेपाली नागरिकलाई पनि लिन सकिनेछ ।"

३. मूल नियमको नियम ६ मा संशोधनः मूल नियमको नियम ६ को,–

(क) खण्ड (ख) मा रहेका "अञ्चलाधीश कार्यालयको प्रतिनिधि" र "जिल्ला अञ्चलाधीश कार्यालयका प्रतिनिधि" भन्ने शब्दहरूको सट्टा "जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेका "गाउँ वा नगर पञ्चायतबाट" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (घ) मा रहेका "गाउँ वा नगर पञ्चायतबाट" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) खण्ड (ङ) मा रहेका "गाउँ वा नगर पञ्चायतबाट" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) खण्ड (च) मा रहेका "२५ वर्षसम्मका" भन्ने अङ्क र शब्दहरूको सट्टा "२२ वर्षसम्मका" भन्ने अङ्क र शब्दहरू राखिएका छन् ।

आज्ञाले,
पदमकुमार आचार्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

३६९

# भाग ४

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५८ असोज ५ को निर्णयानुसार पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, धनकुटाका क्षेत्रीय प्रशासक श्री चण्डीप्रसाद श्रेष्ठलाई वन तथा भू-संरक्षण मन्त्रालयको सचिव पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८८